☏ सम्पर्क नं. ०९७५०१०७०,
९७५९५०३५०३, ९७४९६२१३९९

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**जोन कार्यान्वयन इकाई (जैतुन)**
**पिलुचौर, बाजुरा**

**प.सं. :** ०७४/०७५
च. नं. :

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/०५/१२

## सामाजिक परिचालक आवश्यकता सम्बन्धी सूचना

यस कार्यालयको बार्षिक स्विकृत कार्यक्रम (आ.व. २०७४/०७५) अनुसार यस कार्यालयको कार्यक्षेत्र (साविकका गा.वि.स. जुकोट, जगन्नाथ, बाँधु र वाई) अर्न्तगत सामाजिक परिचालन मार्फत् परियोजना कार्यान्वयनमा सहजिकरण गर्नका साथै कार्य क्षेत्रमा कृषि सम्बन्धी तथ्यांकहरु कम्पाइल गर्न एवं यस कार्यालय र अन्य निकायहरु बीच समन्वय कायम गर्न तथा यस कार्यालयको मातहतमा रही काम गर्न १ (एक) जना सामाजिक परिचालक आवश्यक भएकोले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट) यस कार्यालयमा आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । जोन विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ मा उल्लेख भए अनुसारको मापदण्डको आधारमा प्राप्त दरखास्तहरुको यस इकाईबाट मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने तीन (३) जना उम्मेदवारहरुलाई अर्न्तवार्ताका लागि छनौट गरिनेछ । अर्न्तवार्ता हुने मिति, स्थान, समय र अर्न्तवार्तामा छनौट भएका उम्मेदवारहरुको नामावली सम्बन्धी सूचना दरखास्त पेश गर्ने अन्तिम दिनको ३ (तीन) दिन भीत्र यस कार्यालयको सूचना पार्टीमा प्रकाशन गरिनेछ । साथै दरखास्त फारम यस कार्यालयबाट रु २०० ( दुई सय मात्र) तिरी प्राप्त गर्न सकिनेछ ।

**स्थानीय श्रोत ब्यक्तिको लागि उम्मेदवार हुन देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ र दरखास्त साथ संलग्न प्रतिलिपिहरु स्वयंले प्रमाणित गरेको हुनु पर्दछ ।**

१. जोन क्षेत्र अर्न्तगत रहेका गा.पा./न.पा. (साविकका जुकोट, जगन्नाथ, बाँधु र वाई गा.वि.स.) भित्र उपलब्ध भएसम्म स्थाई बसोबास भएको ।
२. अन्य कुनै संघ, संस्थामा रोजगार नभएको र भएमा उक्त रोजगारी परित्याग गर्न तयार भएको र छनौट भएमा परित्याग गरेका कागजात पेश गरी नियूक्ति हुने ।
३. एस. एल. सि., जेटिए/जेटि वा सो सरह शैक्षिक योग्यता भएको ।
४. सामाजिक परिचालकको रुपमा काम गर्न ईच्छुक ।
५. दलित, आदिबासी,जनजाति, मधेशी, मुस्लिम, पिछडिएको बर्ग र महिलालाई प्राथमिकता दिइने ।
६. स्थानीय भाषा बोल्न सक्ने र लेख्न सक्नेलाई प्राथमिकता दिइने ।
७. परियोजनाको सेवाग्राही तथा सरोकारवालाहरु बिच सेवा आदनप्रदान गर्न सक्ने क्षमता भएको ।
८. उन्नत कृषि प्रविधिको ज्ञान भएको साथै सामाजिक परिचालकको रुपमा कार्य गरेको अनुभवीलाई प्राथमिकता दिइने ।
९. ग्रामिण कृषि कार्यकर्ता तालिम लिएकोलाई प्राथमिकता दिइने ।
१०. उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
११. स्वयं सेवा प्रकृतिको कार्य भएको हुंदा यस आ.व. को बार्षिक स्विकृत बजेट अनुसार मासिक तलब मात्र लिई अन्य सुविधिहरु नभएता पनि काम गर्न ईच्छुक ।

थप जानकारी चाहिएमा,

सम्पर्क कार्यालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
जोन कार्यान्वयन इकाई (जैतुन), पिलुचौर, बाजुरा ।
सम्पर्क नं. ०९७-५०१०७०,९७५९५०३५०३, ९७४९६२१३९९
Email.: zonebajura@gmail.com